# लिड विषाक्तता

New Hampshire
HEALTHY HOMES
& Lead Poisoning Prevention Program



## लिड र गर्भावस्था

### गर्भवती तथा स्तनपान गराइरहेका महिलाहरूलाई लिडद्वारा विषाक्त हुनबाट बचाउनुहोस्

### लिडले तपाईं र तपाईंको बच्चालाई हानि पुर्‍याउन सक्छ

लिडद्वारा विषाक्त हुँदाको लक्षणहरू सामान्य गर्भावस्थाका लक्षणहरू जस्तै हुन्छन्। गर्भावस्था दौरान लिडबाट बच्न विशेष ध्यान पुर्‍याउनुहोस्।

- समयमा नै प्रसवपूर्व स्याहार प्राप्त गर्नुहोस् र तपाईंका पूरक सामग्रीहरू र घरेलु औषधिहरूको बारेमा चिकित्सकसँग कुरा गर्नुहोस्।
- उक्किँदै गरेको रङ र मर्मत-सम्भारको कामबाट टाढा रहनुहोस्
- क्याल्सियम, आइरन र भिटामिन C को उच्च मात्रा भएको खानेकुरा खानुहोस्
- आफ्नो आहारमा क्याल्सियमको मात्रा कसरी थप्ने भनेर तपाईंको चिकित्सकलाई सोध्नुहोस्
- आफ्नो हात बारम्बार धोइराख्नुहोस्
- प्रयोगपछि फाल्न मिल्ने टालोहरू र HEPA भ्याकुम प्रयोग गरेर तपाईंको घरको धूलो जमेको सतहहरूमा पोछा लगाउनुहोस् र सफा गर्नुहोस्
- लिडयुक्त उत्पादन र भाँडाकुँडाहरू प्रयोग नगर्नुहोस्
- लिडसँग काम गर्नुपर्ने खालका कार्य र रुचिहरूमा अधिक ध्यान पुर्‍याउनुहोस्
- गैर-खाद्य वस्तुहरू नखानुहोस् वा मुखमा नहाल्नुहोस् किनभने तिनीहरूमा लिड हुन सक्छ (उदाहरणको लागि, उक्केको रङको टुक्राहरू, धातुजन्य ताबीज)। यो बानीको बारेमा आफ्नो चिकित्सकसँग छलफल गर्नुहोस्

## तपाईंको बच्चा र लिड

### गर्भावस्था दौरान लिड तपाईंको बच्चामा फैलन सक्छ

व्यक्तिको रक्तप्रवाहमा लिडको अर्ध-जीवन 30 दिनको हुन्छ, यद्यपि, व्यक्तिको हड्डीमा लिड वर्षौंसम्म रहन सक्छ। महिलाहरू गर्भवती भएको बेला र/वा उनीहरूले स्तनपान गराउँदा, उनीहरूको शरीरमा भएको लिड उनीहरूको बच्चामा फैलन सक्छ, जुन लिड तपाईंको शरीरमा हालै देखि, वा महिनौं वा वर्षौं देखि समेत रहिरहेको हुन सक्छ।

## तपाईं वरिपरिको वातावरणमा लिड

### घर वा कार्यस्थलमा रहेका लिडका जोखिम तत्वहरूको बारेमा सचेत रहनुहोस्



- 1978 भन्दा पहिले बनेका घरहरूमा लिडयुक्त रङ लगाइएको हुन सक्छ
- मर्मत-सम्भार गर्दा लिडयुक्त धूलो उत्पन्न हुन सक्छ
- रङ्गीन शिशा बनाउनु, चित्रकला र माछा मार्नु जस्ता काम र रुचीहरूको कारणले तपाईं लिडको सम्पर्कमा आउन सक्नुहुन्छ
- आयात गरिएका कस्मेटिक, क्यान्डी, गहना, पदक र ताबीजहरूमा लिड हुन सक्छ
- अजारकन, बाला गोली, पे-लु-आह र बा-बउ-सान जस्ता घरेलु र प्राकृतिक औषधिहरूमा पनि लिड हुन सक्छ

## आफू र आफ्नो बच्चालाई जोगाउनुहोस्

### गर्भवती हुँदा र स्तनपान गराइरहेको बेला लिडबाट बच्नुहोस्

रगतमा लिड भएमा आमा र बच्चा दुवैमा स्वास्थ्य समस्याहरू पैदा हुन्छ

- तपाईं लिडको सम्पर्कमा आउनुभएको छ भने, आफ्नो चिकित्सकलाई परीक्षण गराइपाउन अनुरोध गर्नुहोस्
- लिडको कारणले गर्दा गर्भवती महिलाहरूमा उच्च रक्तचाप हुन सक्छ
- लिडको सम्पर्कमा आएका महिलाहरूको गर्भपतन हुन सक्छ
- बच्चाहरू अपरिपक्व जन्मने जोखिम हुन्छ वा जन्मँदा उनीहरूको वजन कम हुन सक्छ
- आमाको गर्भमा हुँदा लिडको सम्पर्कमा आएका बालबालिकाहरूको IQ कम हुने र उनीहरूलाई सिक्नमा समस्या हुने जोखिम हुन्छ
- तपाईंको रगतमा लिडको उच्च मात्रा देखिएको छ भने, स्तनपानको बारेमा आफ्नो चिकित्सकसँग कुरा गर्नुहोस्

